# पुर्चौडी नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय हाट बैतडी
## सुदुरपश्चिम प्रदेश नेपाल

सम्पर्क नं.०९६६९०८०३

प.स. ०७६।०७७
च.न.

मितिः २०७६/१२/१२

**विषयः– विज्ञप्ती ।**

प्रस्तुत विषयमा मितिः २०७६।१२।१२ गते राती अन्दाजी १०:३० वजे तिर पुर्चौडी नगरपालिका वडा नं ५ भुमिराज मा वि काटै गहताडमा संचालन भएको क्वारेन्टाइनमा डिउटीमा खटिइएका कुवाकोट स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्यकर्मी अ हे व श्री करन सिंह धामीलाई कोठा भित्र जवरजस्ती प्रवेश गरि गाली गलौज सहित घाइते हुने गरि आक्रमण गरेको खबरले नगरकार्यपालिका कार्यालयको गम्भीर ध्यान आकर्षण भएको छ ।

कोरोना भइरसको संक्रमणबाट देश आक्रान्त भै लकडाउन भएको अवस्थामा सहयोग गर्नुको साटो उक्त अभियानमा संघर्षरत स्वास्थ्यकर्मी लगायतका अभियन्ताहरुको मनोबल गिराउने नियतले सवै कानुनहरु उलंघन गरि कोहि कसैवाट यस्ताखाले हर्कत हुनु कुनैहालतमा क्षम्य नहुने कुरा हुन, ज्यानको वाजी लगाएर अहोरात्र अग्रपन्तीमा डिउटी खटिएको एउटा निर्दोष स्वास्थ्यकर्मी माथी आक्रमण भइ ज्यान सम्म लिने हर्कत गरिएकाले निजको तत्काल उपचार ब्यवस्थापन र सत्य तथ्य छानविन गरि दोषी माथी प्रचलित कानुन,हाल जारी भएको लकडाउन उलंघन विरुद्धको सजाय र सार्वजनिक अपराध ऐन २०२८ अन्तरगत हदै सम्मको कारवाहीका लागी जोडदार माग गर्दै निज दोषी लगायत असहयोग गर्ने जोसुखैलाइ उचित कार्रवाहि नभएमा सम्पुर्ण स्वास्थ्यकर्मी लगायत अभियानमा अहोरात्र खटिएका सबैको मनोवल गिर्नका साथै रोग प्रकोपको जोखिम अझ बढी हुन गई ठूलो दुर्घटना हुन सक्ने सम्भावना भएकाले स्थानिय सरकार, प्रहरी प्रशासन एबम् सम्बद्ध सवै निकायहरुको गम्भीर ध्यानाकर्षणका लागी यो विज्ञप्ती प्रकासित गरिएको छ । धन्यबाद ।

( विनोदकुमार कुंवर )
स्वास्थ्य शाखा प्रमुख
स्वास्थ्य संयोजक

(पृथ्वीराज अवस्थी )
नि.प्रमुख प्रशासकिय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत